...3FhOun40ccd02U0r5XMuPOJHBVZuMUMRUIkGhws... ...


साँगुरीगढी गाउँपालिका

Sangurigadhi Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

भेडेटार, धनकुटा

Bhedetar, Dhankuta

प्रदेश नं. १, नेपाल

Province No. 1, Nepal


प.सं.२०७८/०७९

## सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धी सूचना !

सूचना प्रकाशन मितिः-२०७८/११/२३

प्रस्तुत विषयमा सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटाको च.नं. ५६७ मिति २०७८/११/२३ गतेको प्राप्त पत्रानुसार तथा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७८/११/२२ गते बसेको बैठकको निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनि रहेका, पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" (संशोधन सहित)को दफा ११ (ख) अनुसार यस कार्यालय मार्फत १० (दश) दिने सूचना जारी गर्ने निर्णय भएकोले यस साँगुरीगढी गाउँपालिका क्षेत्रभित्रका उपरोक्त अनुसारका घरधनीहरुले यस कार्यालयबाट निशुल्क रुपमा निवेदन नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन भित्र यस कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोछ छ ।

२०७८।११।२३

मनोज कुमार ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

मनोज कुमार ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

# (निशुल्क निवेदन)

मिति:२०७८/......../......

श्री...................................गाँउपालिका/नगरपालिका,

....... नं. वडा कार्यालय.................. ।

विषय:सुरक्षितनागरिकआवास निर्माण सम्वन्धमा।

महोदय,

उपरोक्त सम्वन्धमा "सुरक्षितनागरिकआवास कार्यक्रम" अन्तर्गत त्यस........................................................................गाँउपालिका/नगरपालिकाको वडा कार्यालयवाट मिति .......................... मा प्रकाशित सुचना बमोजिम "सुरक्षितनागरिकआवासकार्यान्वियनकार्यविधि, २०७५"(संशोधन सहित) को परिच्छेद २ को दफा ३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु (Criteria)भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घरपरिवारलाईजस्तापाताकोछानामुनिल्याउने गरी बसोबासको व्यवस्था मिलाईदिनहुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सही छ , झुठा ठहरे कानून बमोजिम सहुँला बुझौंला।

तपशिल:

| क.सं | संलग्न कागजातहरुको विवरण | कैफियत | |
|---|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ | ☐ |
| २ | लाभग्राहीबसोबासगर्दैआएकोघरकोछानापराल/खर/स्याउला/आसवेसटसआदिआगो, पानीतथाहुरीवाटसहजैप्रभावितहुनसक्नेसामाग्रीवाटछाएको प्रमाणित प्रतिलिपि । | छ/छैन ☐ | ☐ |
| ३ | गरिबीकोरेखामुनीरहेकाआफैलेसुरक्षितआवासनिर्माणगर्नचाहेकोतथानिर्माणगरिरहेकोघरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ/छैन ☐ | ☐ |
| ४ | जग्गाधनीप्रमाणपूर्जावाघरजग्गाकोतिरोवाशुल्कबुझाएकोप्रमाणवाबिजुली, धारावाअन्यसुविधाशुल्कबुझाएकोप्रमाणको प्रतिलिपि। | छ/छैन ☐ | ☐ |
| ५ | विगतदेखी त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ | ☐ |
| ६ | प्रकोपकाकारणघरवारविहीनभएकोहकमाजिल्लाविपद्व्यवस्थापनसमितिकोनिर्णयसहितसम्वन्धितजिल्लाप्रशासनकार्यालयकोसिफारिसको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ | ☐ |
| ७ | गरीवीकोरेखामुनीरहेकालाभग्राहीकोसम्वन्धमासम्वन्धितस्थानीयतहकोसिफारिसको प्रमाणित प्रतिलिपि। | छ/छैन ☐ | ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ/छैन ☐ | ☐ |

**निवेदकको:**

सही: ...........................................................................

नाम थर :..........................................................................

बुवा/पति/पत्नीको नाम.......................................................

बाजे/ससुराको नाम...............................................................

जिल्ला.................................................................................

गा.पा./न.पा:........................................................................

वडा नं........... गाउ/टोल:....................................................

सम्पर्क मोवाईल नं.: ............................................................

| निवेदककोऔंठाछाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**नोट :**एउटै चुल्होमा पकाएर खाना खाने तथा एउटै घरको छानामुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिनेछ। खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिदैन। एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ। झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमवाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।